# भैरबी राजपत्र

खण्ड ५) भैरीकालिकाथुम, दैलेख, श्रावण १५ गते, २०७९ साल (संख्या १ भाग-२

## भैरबी गाउँपालिका

## भैरबी गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

## भैरबी विनियोजन ऐन, २०७९

**प्रस्तावना:** भैरबी गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भैरबी गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "भैरबी विनियोजन ऐन २०७९" रहेको छ।

(२) यो ऐन सम्वत् २०७९ साल साउन १ गतेदेखि लागु हुनेछ।

**२. आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५५,४५,८९,१५८.६५ (अक्षेरुपी पचपन्न करोड पैंचालीस लाख उनानब्बे हजार एक सय अन्ठाउन्न रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त भैरबी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनैमा अपुग हुने देखिएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा कुनै एक वा एक भन्दा बढी शीर्षकबाट सम्बन्धित क्षेत्रकै अर्को एक वा एक भन्दा बढी शीर्षकमा जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

तर पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सांवा र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ र वित्तीय व्यवस्था अन्तर्गत सांवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) दश प्रतिशत भन्दा बढी रकम कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**४. <u>वित्तीय अनुशासन सम्वन्धी व्यवस्थाः</u>** (१) गाउँपालिकाले उठाएको राजश्व, संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम तथा यस ऐन बमोजिमको विनियोजित रकम खर्च गर्दा कानून बमोजिम देहायका वित्तीय अनुशासन अपनाउनु पर्नेछः-

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लगि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूंजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) आय व्यको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने।

**५. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्वन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कानून बमोजिम विनियोजन भएको रकम निकासा लिई खर्च गर्नुपर्नेछ।

**६. <u>कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्दा भैरबी गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

**७. आदेश जारी गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

## अनुसूची–१

### (दफा २ संग सम्बन्धित)

संञ्चित कोषबाट विनियोजन हुने रकम

| सि.नं. | शीर्षकको नाम | चालु/पुँजिगत/वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|
| १ | नेपाल सरकार समानिकरण अनुदान | | १०,००,००,०००.०० |
| २ | नेपाल सरकार शसर्त अनुदान | चालु | १२,८२,००,०००.०० |
| ३ | नेपाल सरकारः आई डि ए शसर्त अनुदान | चालु | ४६,००,०००.०० |
| ४ | नेपाल सरकारः एस.इ.एस.पी. शसर्त अनुदान | चालु | ४६,००,०००.०० |
| ५ | नेपाल सरकारः एस.इ.एस.पी. शसर्त अनुदान | चालु | ९३,००,०००.०० |
| ६ | नेपाल सरकारः युरोपियन युनियन शसर्त अनुदान | चालु | ११,००,०००.०० |
| ७ | नेपाल सरकार शसर्त अनुदान | पुँजीगत | १,२०,००,०००.०० |
| ८ | नेपाल सरकारः आन्तरिक ऋण शसर्त अनुदान | पुँजीगत | ८३,००,०००.०० |
| ९ | नेपाल सरकारः आई डि ए शसर्त अनुदान | पुँजीगत | ३,००,०००.०० |
| १० | नेपाल सरकारः एस.इ.एस.पी. शसर्त अनुदान | पुँजीगत | ६,००,०००.०० |
| ११ | नेपाल सरकारः एस.इ.एस.पी. शसर्त अनुदान | पुँजीगत | १२,००,०००.०० |
| १२ | नेपाल सरकार विषेश अनुदान | पुँजीगत | ७७,००,०००.०० |
| १३ | नेपाल सरकारः आन्तरिक ऋण समपुरक अनुदान | पुँजीगत | १,००,००,०००.०० |
| १४ | कर्णाली प्रदेश समानिकरण अनुदान | | ९७,१३,०००.०० |
| १५ | कर्णाली प्रदेश शसर्त अनुदान | चालु | ८१,२०,०००.०० |
| १६ | कर्णाली प्रदेश शसर्त अनुदान | पुँजीगत | ४,९८,००,०००.०० |
| १७ | कर्णाली प्रदेश विषेश अनुदान | पुँजीगत | १,२०,००,०००.०० |
| १८ | कर्णाली प्रदेश समपुरक अनुदान | पुँजीगत | ९०,००,०००.०० |

| | | | |
|---|---|---|---|
| १९ | राजस्व बाँडफाँड- संघीय सरकार राजस्व बाँडफाँड | | ८,७०,९८,०००.०० |
| २० | आन्तरिक श्रोत | | ९,०९,५८,१५८.६५ |
| कुल जम्मा | | | ५५,४५,८९,१५८.६५ |

प्रमाणिकरण मितिः २०७९ साल असार ३१ गते

आज्ञाले,

पुर्ण बहादुर बि.क.

प्रमुख प्रशासकीय अधिकृत